# पुतलीबजार नगरपालिका स्याङ्जा

## स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८०

## स्थानीय राजपत्र

भाग : ३ खण्ड : ७ अङ्क :७

पारित मिति : २०८०/०४/३१
प्रकाशित मिति : २०८०/०५/१५

# स्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८०

पुतलीबजार नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय ,**

स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

# स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना:** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) बमोजिम स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेबारी बहन गर्ने प्रयोजनका लागि सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सरकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा सञ्चालन गर्न वाञ्छनीय भएकाले, यस पुतलीबजार नगरपालिकाको स्थानीय तहका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाले गठन गर्ने अनुसूची (१) बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा (३) मा उल्लेखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

(ङ) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्वेश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजि अस्पताल, नर्सिंङ होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ।

(च) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिंङ होम, पोलिक्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउछ।

(छ) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफारहित उद्वेश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ज) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तै: प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(झ) "निजी अस्पताल वा नर्सिंङहोम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्वेश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिंङहोम सम्झनु पर्छ।

(ञ) "पोलि क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ ।

(ठ) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ । स्पष्टिकरण: यस खण्डका प्रयोजनका लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ ।

(ड) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्वेश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ढ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापन सञ्चालन हुने गरी मुनाफारहित उद्वेश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ण) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ, फिजियोथेरापि, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(त) "दन्त सेवा क्लिनिक" भन्नाले दाँत सम्बन्धी रोगको उपचार गर्ने, आवश्यक परामर्श दिने, दाँत उखेल्ने, दाँत भर्ने, दाँत राख्ने आदि सम्बन्धी सेवा दिने उदेश्यले सञ्चालित संस्थालाइ सम्झनु पर्दछ ।

(थ) सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा भन्नाले गर्भवती सेवा, प्रसुती सेवा, सुरक्षित गर्भपतन सेवा तथा परिवार नियोजन आदी सम्बन्धी सेवा दिने उदेश्यले सञ्चालित संस्थालाइ सम्झनु पर्दछ ।

(द) "फार्मेसी /औषधी पसल/ मेडिकल" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भै औषधीको बिक्री वितरण गर्ने थोक तथा खुद्रा संस्थालाइ सम्झनु पर्दछ ।

(ध) "आखाँ उपचार सेवा" भन्नाले आखाँ सम्बन्धि रोगको सामान्य चिरफार, उपचार गर्ने, जाँच गर्ने, परामर्श दिने, द्दष्टी चेक जाँच गरी औषधी तथा चस्मा वितरण गर्ने संस्थालाइ सम्झनु पर्दछ ।

(न) "स्वास्थ्य सेवा" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोलिक्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताललाई समेत जनाउँदछ ।

(न) "संस्था दर्ता गर्ने निकाय" भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन अनुमति लिनु पुर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकायलाई सम्झनु पर्छ ।

(प) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्वेश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(फ) "भवन संहिता" भन्नाले भवन ऐन २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकाबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(ब) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची २ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँदछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

**३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरुः** १) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोलिक्लिनिक तथा पच्चिस शैया सम्मका जनरल अस्पतालका लागि सम्बन्धित नगर कार्यपालिकाको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालका लागि सम्बन्धित नगर कार्यपालिकाको निर्णय अनुसार ।

(ग) पच्चिस शैया देखि माथीका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि सम्बन्धित नगरपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(घ) नगर कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नति भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्नेछ ।

**४. पुर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनुपर्ने :**

१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसूची ३ बमोजिमका ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

२) २) उपदफा (१) बमोजिम निवेदन प्राप्त हनु आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ ।

क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता

ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन

घ) प्रस्तावित स्वास्थ्य संस्था सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/ जनघनत्व

ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान

३) अनुगमन समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस दिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिन भित्र अनुमति प्रदान गर्ने निकायले

बढिमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसाय पत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ।

५) उपदफा (४) बमोजिमको अविधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नवढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ।

**५. सञ्चालन अनुमति दिन सकिने:**

(१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ। तर स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलि क्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची ५ बमोजिमका ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्य दिन अनुमति दिने नदिने भित्र निर्णय गरी सक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची - ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ।

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्नेछ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२) (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ।

तुलसी प्रसाद रेग्मी
नगर प्रमुख

**६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने**: स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

**७. पुन: अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधिभित्र पूर्वाधार तयारी योजना (भवन प्रबलिकरण वा नयाँ निर्माण योजना) सहित सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थालाई प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रवलिकरण हुने अस्पताल वा नयाँ निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतांलको औजार उपकरणले हुनसक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचास हजार रुपैया बराबरका सामुहिक दुर्घटना विमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रकृया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति त्यस्तो दिने निकायले रद्द गर्नेछ ।

**८. अनुमति दस्तुर बुझाउनु पर्ने :** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची ६ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर अनुमति प्रदान गर्ने निकायलाई बुझाउनु पर्नेछ ।

**९. नवीकरण गराउनु पर्ने :** (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नवीकरणका लागि निवेदन दिनु पर्नेछ । अनुमति प्रदान गर्ने निकायले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरि नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमति प्रदान गर्ने निकायले अनुसूची ६ मा उल्लेख भए बमोजिमको दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुन अघि स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन वर्षमा नबढाई प्रत्येक एक वर्षका लागि अनुमति नवीकरण गरिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र निवेदन पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई सम्बन्धित निकायले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वत: खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनेपर्नेछ ।

(५) उपदफा (४) मा जुनसकै कुरा उल्लेख गरिएको भएता पनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नवीकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समय भित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूची ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नवीकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी त्यस्तो अनुमति नवीकरण गरिदिन सक्नेछ ।

**१०. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था:**

(१) स्वास्थ्य संस्थाले आफुले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परिक्षण (स्व: मूल्याङ्कन) गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्रदान गर्ने निकाय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तिय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भएता पनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारको लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालन नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परिक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रकृया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारबाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ ।

**११. निवेदन दिन सक्ने:**

(१) दफा १०को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानबिन गरी यथाशिघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने :**

स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्तरुपमा निवेदन दिन सक्नेछन ।

**१३. अनुमति खारेजी तथा कारबाही सम्बन्धी व्यवस्था:**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति प्रदान गर्ने निकायले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नको लागि एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वत: खारेज हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१४. स्वास्थ्य सेवा सञ्चालन:**

(१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानुनी कारबाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयम लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरि अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उद्वेश्य र क्षामता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ ।

(क) आकस्मिक सेवा

(ख) बहिरंग सेवा

(ग) अन्तरंग सेवा

(घ) निदानात्मक सेवा ( प्रयोगशाला, रेडिय ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा

(च) सघन उपचार सेवा

(छ) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा

(ज) विशेषज्ञ सेवा

(झ) फार्मेसी सेवा

(ञ) रक्त सञ्चार सेवा

(ट) फिजियोथेरापि सेवा

(ठ) शवगृह व्यवस्था

(ड) अस्पताल व्यवस्थापन

(ढ) वातावरण व्यवस्थापन

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहोरमैला व्यवस्थापन

**१५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड:**

(१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरक सुनिश्चतता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ ।

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षामा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका ( Standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाँउमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) विरामीले आफुले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्थाको सुनिश्चत गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिन् व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्नेछ ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकि जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी वडापत्र (Patient Chart) अस्पतालम नेपाल सरकारको अनुसूची ७ को ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ठ) अस्पतालम आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायतता कक्षको व्यवस्था गरी सेवाग्राहीहरुलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/ मापदण्ड/ निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(त) अस्पतालले चौविसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ र सो को विवरण अनुसूची ८ बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सो बमोजिम ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई नि:शुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन सम्बन्धित पालिकाकोकार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्याउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(ब) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकि सो को जानकारी पुतलीबजार नगरपालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरु

**१६**. अस्पताल सम्बन्धी मापदण्डहरुको विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

**१७. जनशक्ति विकास योजना :** अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्युनतम जनशक्तिको व्यवस्था भएको हुनु पर्नेछ ।

(क) प्रति पच्चिस शैयाका लागि एक जना एम. डि. जि. पि. चिकित्सक हुनु पर्नेछ । तर एम. डि. जि. पि. चिकित्सक नपाईने अवस्थामा पच्चिस शैयाका अस्पतालमा प्रसुति तथ स्त्री रोग विशेषज्ञ र बाल रोग विशेषज्ञ ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया एक जना शल्य चिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स ।

(ग) जनरल कक्ष (General Ward) मा प्रति चार देखि छ शैयामा एक जना नसिर्ङ स्टाफको व्यवस्था भएको ।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post-Operative Ward) मा प्रति दुई शैयामा एक नसिर्ङ स्टाफको व्यवस्था ।

(ङ) सघन उपचार कक्ष ( ICU,NICUI,CCUआदी) मा प्रति शैयामा एक जना नर्स वा मीडवाईफ्रीको व्यवस्था ।

(च) प्रसुति कक्षका लेवर वेडमा प्रति वेड दुई एस.वि.ए.(Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफ्रीको व्यवस्था ।

(छ) अस्पतालमा कम्तिमा एक जना मेडिकल रेकर्डर ।

(ज) अस्पतालमा चौविसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यमा जनशक्तिका व्यवस्था ।

(झ) अस्पतालमा कम्तिमा दुई तिहाई पूर्णकालिन स्वास्थ्यकर्मी ।

(ञ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनु पर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृत पत्र ।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्वन्धित काउन्सिबाट दर्ता नम्वर लिएको ।

(ठ) विदेशी स्वास्थ्यकर्मी वा स्वयम् सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलबाट स्वीकृत लिएको ।

**१८. जनशक्ति सम्बन्धी विस्तृत विवरण:** जनशक्ति सम्बन्धी विस्तृत विवरण जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद ६

## औजार तथा उपकरणहरु

१९. औजार तथा उपकरण सम्बन्धी विस्तृत जानकारीको स्वास्थ्य, सञ्चालन तथा स्तरोन्नति, मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद ७

## सेवा सम्बन्धी व्यवस्था

**२०. विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु:** विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरु सम्बन्धी विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथ स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

**२१. स्वास्थ्य क्लिनिक/ पोलि क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु:** (१) स्वास्थ्य क्लिनिक/ पोलि क्लिनिकमा स्वास्थ्य जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि MBBS वा सो सरहको चिकत्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह वा TSL उतिर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ ।

(३) पोलि क्लिनिकमा रेडियोलोजी इमेजीङ सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पूरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/ पोली क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ ।

| | |
|---|---|
| (क) बिरामीको जाँच गर्न ( Ventilated वा AC कोठा) | १ सेवा अनुसारको छुट्टाछुट्टै (कम्तिमा १४ वर्ग मिटर) |
| (ख) बिरामी बस्न ठाँउ (कुनै ठाँउ) | १ |
| (ग) बिरामी जाँच्ने टेबुल | १ |
| (घ) चिकित्सकका लागि टेबुल | १ |
| (ङ) चिकित्सकमा लागि कुर्चि | १ |
| (च) बिरामी बस्ने टुल | १ |
| (छ) शौचालयको व्यवस्था (अपाङ्गमैत्री सहित) | २ |
| (ज) टेलिफोन, इन्टरनेट र Web Page | |
| (झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्री | |
| (ञ) स्वच्छ पानीको आपूर्ति | |
| (ट) निरन्तर विद्युत आपूर्ति | |

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटर वा रजिष्टर गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(१०) पालिकाबाट तोकिएको एकिकृत स्वास्थ्य सूचना व्यस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२२. "डेन्टल क्लिनिक" सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु:

(१) डेन्टल क्लिनिक सञ्चालनका लागि दाँतको विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतीर्ण गरी NMC मा दर्ता भएको वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति दन्त सेवा विज्ञानमा प्रमाणपत्र तह उर्तीर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ ।

(३) डेन्टल क्लिनिक मा डेन्टल सेवा सञ्चालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ ।

क) सोधपुछ कक्ष

ख) बिरामी बस्ने ठाँउ( कुर्ने ठाँउ)

ग) बिरामी जाँच्ने कोठा

घ) शौचालयको व्यवस्था (अपाङ्गमैत्री)

ङ) सरसफाई तथा निर्मलीकरण

च) स्वच्छ पानीको आपूर्ति औजार उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछ :

- इलेक्ट्रोनिक डेन्टल कुर्सी सहित होलोजन लाइट, स्पिटन र पानीको व्यवस्था

- हाई -भ्याकुम सक्सन
- माइक्रो मोटर अथवा एअर मोटर
- एरोटर हेण्डपिस
- लाइट कुलर युनिट
- अल्ट्रासोनिक स्केलर युनिट/ पिसो स्केलर
- आ. ओ. पि. ए. (IOPA X-Ray) एक्सरे X-ray Viewer (ञ) अटोकेल्भ हट एअर ओभन (ट) निडल डिष्टोयर र कटर (ठ) जेनेरेटर

छ) औषधी तथा उपकरणहरु बेचबिखन गर्न नहुने

**२३. "आखाँ उपचार सेवा" सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु:**

(१) आखाँ उपचार सेवा सञ्चालनका लागि आखाँको विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट डिप्लोमा/ स्नातक तह उतीर्ण गरी NHPC/NMC मा दर्ता भएको वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

(२) परामर्श सेवा दिने व्यक्ति आखाँ सेवा विज्ञानमा प्रमाणपत्र तह उर्तीर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ।

(३) आखाँ उपचार केन्द्र मा आखाँ सेवा सञ्चालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ।

क) सोधपुछ कक्ष

ख) बिरामी बस्ने ठाँउ( कुर्ने ठाँउ)

ग) बिरामी जाँच्ने कोठा

घ) शौचालयको व्यवस्था (अपाङ्गमैत्री)

ङ) सरसफाई तथा निर्मलीकरण

च) स्वच्छ पानीको आपूर्ति औजार उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछ : (क) कुर्सी सहित होलोजन लाइट, स्पिटन र पानीको व्यवस्था (ख) हाई -भ्याकुम सक्सन (ग) माइक्रो मोटर अथवा एअर मोटर (घ) एरोटर हेण्डपिस (ङ) लाइट कुलर युनिट (च) अल्ट्रासोनिक स्केलर युनिट/ पिसो स्केलर (ज) आ. ओ. पि. ए. (IOPA X-Ray) एक्सरे (झ) X-ray Viewer (ञ) अटोकेल्भ हट एअर ओभन (ट) निडल डिष्टोयर र कटर (ठ) जेनेरेटर

छ) औषधी तथा उपकरणहरु बेचबिखन गर्न नहुने

**२४. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु:**

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समाबेश गरिएको छ।

- X-ray (300 MAसम्म)
- Ultra sonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेकका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृत दिनेछ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिंदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ।

(क) एक्सरेका लागि:

(१) एउटा एक्सरे मेसिनका लागि कम्तिमा २२४ स्क्वायर फिटका कोठा हुनुपर्ने।

(२) एक्सरे गर्ने कोठाका Wall Thickness (क) ९ इन्च With Plaster of Paris वा (ख) ६ inch with 20 mm lead barrier वा (ग) २.० एम एम lead thickness हुनुपर्ने। साथै झ्याल, ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने।

(३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र 0.५ mmको एप्रोन तथा radiation protective measures का व्यवस्था हुनुपर्ने।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiation does monitor उपलब्ध हुनु पर्दछ र समय समयमा Radiation Survey Monitoringगर्नुपर्ने।

(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने।

(६) X-ray एक्सपोज गर्ने कोठा डार्करुम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने।

(७) Radiology विभागमा जनसधारणले देख्ने ठाँउमा X-ray विकिरणले स्वास्थ्यमा खराब असर पर्न सक्छ भन्नेबारे सूचना गर्ने। साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता: रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(१) रेडियोलोजीष्ट: मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रेडियोलोजी विषयमा डी डी एम आर डी, एफ आर सी वा सो सरह कोर्ष उतिर्ण गरेको हुनु पर्नेछ।

(२) रेडियोलोजी एण्ड ईमेजिङका रिपोर्टिङ रेडियोलोजीष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Interventional Procedure हरु पनि यथासम्भव रेडियोलोजीष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) रेडियोलोजीष्ट सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ।

(क) Medical Physicist: - Medical Physics विषयमा BSc वा MSc उतिर्ण गरेको

(ख) बायोमेडिकल ईन्जिनियर: बायोमेडिकल ईन्जिनियरिङ विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतिर्ण गरेको हुनु पर्नेछ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट: सम्बन्धित विषयमा MSc Radiography गरी कम्तिमा स्नातक तहमा ३ वर्ष काम गरेको हुनुपर्नेछ।

(घ) रेडियोग्राफिक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट): चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफिस विषयमा (BSc. MIT, BSc, RT) स्नातक तह उतिर्ण गरेको हुनुपर्ने। साथै NHPC (Nepal Health Professional Council) मा दर्ता हुनुपर्ने।

(ङ) रेडियोग्राफर: चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफि विषयमा प्रमाण पत्र तह उतिर्ण गरेका हुनुपर्ने।

(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्था: Radiation Protection व्यवस्थित गर्न र X-ray unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेका निकायमा राख्ने र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monitor गर्ने। विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै

काम गर्ने व्यक्तिमा radiation का dose 20 Millisievert per year (WHO) को सन २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउन पर्नेछ।

(घ) Ultra sonogram (USG) USG: Ultra sonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ३ महिनाको USG तलिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धित विशेषज्ञहरुले गर्न पाउनेछन। सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनु पर्नेछ।

१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुको व्यवस्था हुनुपर्ने।

२) स्ट्रेचर, ह्विल चियरको व्यवस्था हुनुपर्ने।

३) शौचालयको राम्रो व्यवस्था हुनु पर्ने।

४) रेकर्डिङ तथा रिपोर्टिङका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्ने।

५) वैकल्पिक विद्युतका लागि जेनेरेटरका व्यवस्था हुनुपर्ने।

६) बिरामीका लागि र बिरामी कुरुवा बस्नका लागि कोठाको व्यवस्था हुनुपर्ने।

७) स्टोर, रिपोर्ट डिस्ट्रिव्यूसनका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्ने।

८) Medical Equipment repair & maintenance गर्दा बायोमेडिकल ईन्जिनियर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष प्राप्त हुनपर्ने।

९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्ने।

(ङ) रेडियोलोजि सेवाको लागि न्युनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु:

| सि नं | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| १ | एक्सरे मेशन | १०० एम ए १ | ३०० एम ए १ |
| २ | एक्सरे मेशिन पोर्टेवल | स्वेच्छिक | १०० एम ए १ |
| ३ | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक |
| ४ | जनशक्ति रेडियोलोजिष्ट | आशिंक समय | आशिंक समय |
| ५ | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | | |
| ६ | रेडियोग्राफिक अधिकृत | १ | १ |
| ७ | रेडियोग्राफर | २ | २ |
| ८ | रेडियोग्राफिक अधिकृत | १ | १ |

(च) स्वास्थ्य मन्त्रालयको स्वीकृति बिना Radiology सम्बन्धी मेशिन नेपालमा पैठारी गर्न पाइने छैन।

**२५. प्रयोगशाला सेवा :**

(१) प्रयोगशाला शेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनुपर्नेछ।

(क) जनरल प्याथोलोजि: योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट एम वि वि एस वा सो सरह उतिर्ण गरी MD path. MRC path, DCP वा सो सरह उतिर्ण गरेको हुनु पर्नेछ।

(ख) माईक्रोवायोलोजि योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त।

(ग) हेमाटोलोजि योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry

(घ) MD Biochemistry: योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त

(ङ) मेडिकल टेक्नोलोजिष्ट मान्यता प्राप्त शिक्षण संस्थाबट मेडिकल ल्याब टेक्नोलोजि विषयमा स्नातक BMLT उपाधि प्राप्त

गर्न पाउने परिक्षणहरु Histopathology, Cytopathology & Bone Marrow Study बाहेकका सबै परिक्षणहरु

(च) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजि विषयमा स्नाकोत्तर उपाधि MMLT प्राप्त ।

MMLT/M.SC.MICROIOLOGY, MMLT/M.SC HAEMATOLOGY, MMLT/M.SC BIO CHEMISTRY, MMLT/M.SC CYTOLOGY गरेकाहरुले जुन विषयमा आफुले उपाधि प्राप्त गरेको छ सोहि विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी विशेज्ञ सेवा प्रदान गर्न पाउने छन ।

(छ) ल्याब टेक्नीशियन: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उतिर्ण

गर्न पाउने परिक्षणहरु २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु

(ज) ल्याब असिष्टेण्ट: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एक वर्ष वा १५ महिनाको लया. अ तालिम पुरा गरि प्रमाण पत्र प्राप्त गरेका

गर्न पाउने परिक्षणहरु २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु

नोट: माथि उल्लिखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परिक्षण गर्न पाउनेछन ।

(२) उपदफा (१) मा उल्लिखित जनशक्तिले आफुले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषद दर्ता हुनु पर्नेछ ।

**२६. प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड:** देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ ।

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नेपर्नेछ । आई. सि. यू सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनुपर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टिलेशनको व्यवस्था हुनु पर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहोर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

(ञ) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमूना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ ।

(ञ) प्रयोगशालामा विशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधि प्राप्त गरेको छ सोहि अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणीत गर्नेको नाम शैक्षिक योग्यता एवम् परिषदको दर्ता नम्बर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनुपर्नेछ ।

**२७. "डि" र "ई" वर्गको प्रयोगशाला सम्बन्धि मापदण्ड**

स्थानिय तहले "डि" र "ई" वर्गको प्रयोगशाला सम्बन्धि इजाजत पत्र दिने र नविकरण गर्न सक्नेछ । "डि" र "ई" वर्गको प्रयोगशाला सञ्चालन गर्नको लागि स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ बमोजिम हुनेछ।

**२८. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको मापदण्ड सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बमोजिम हुनेछ ।

## परिच्छेद ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

**२९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्डः**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्वास्थ्य संस्थाका स्थापना सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नुपर्दछ ।

**(क) आयुर्वेद स्वास्थ्य सेवाः**

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यावसाय गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका हुनु पर्नेछ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकम सेवा केन्द्रमा सम्बन्धित विषयमा कम्तिमा वि ए एम एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट बमन, विरेचन, शिरोबाचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवास्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पुर्वाधार, औजार उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृत दिन सकिनेछ ।

(५) विरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रिफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई सि जि, इ इ जि, प्याथोलोजि, रेडियोलोजि तथा अन्य आवश्यक सेवाहरु सञ्चालन गर्नुपरेमा सम्बन्धित विषयका जनशक्ति र सो सम्बन्धी भौतिक पर्वाधार औजार उपकरण नीति नियमका पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ होम वा अस्पताल भनी स्वीकृतका लागि माग भएमा कुन कुन विषय र सेवा दिने उद्वेश्य राखिएको हो । सो प्रष्ट उल्लेख गरी सोहि बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था हुनुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रब्य काष्ठौषधि, र औषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिईने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वरकम अन्तर्गतका निराग्नी स्वेद ( जल,वायु, सुर्यकिरण,पार्थव तत्वको प्रयोग) , अग्नि स्वेदन, अभ्यङ्ग (Massage), सत्वावजय चिकित्सा ( योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दिर्घजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पुर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरो जुन सुकै नाममा सञ्चालन भए तापनि आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएरमात्र सञ्चालन गर्न पाइनेछ।

**(ख) आयुर्वेद चिकित्सा अन्तरगत रहने सेवाहरु:**

चिकित्सा सेवा

१.रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रम चिकित्सा

(ख) संशमन औषधि चिकित्सा

(ग) संशोधन बमनादि पञ्चकम शोधन चिकित्सा

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र प्रणिधान

(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामशर्श

(ख) स्वस्थवृत्त पालन ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजिकरण

(ङ) पञ्चकम

(च) योगाभ्यास

(ग) आयुर्वेद अस्पताल तथा नर्सिङ होम सम्बन्धी मापदण्ड तथा पूर्वाधार: विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ।

(घ) आयुर्वेद पूर्वकम पञ्चकम सेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु: विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ।

(ङ) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड:

विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० बमोजिम हुनेछ।

(च) होमियोप्याथिक इमर्जेन्सी सेवा:

विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० बमोजिम हुनेछ।

(छ) निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधार

विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० बमोजिम हुनेछ ।

(ञ) एक्युप्रेसरः विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(झ) एक्युपञ्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरुः विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(ञ) प्राकृतिक चिकत्सा अस्पतालका पूर्वाधारहरुः विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद ९

## फार्मेसी/ औषधीपसल/ मेडिकल सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

**३०. फार्मेसी/ औषधीपसल/ मेडिकल सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः**

१) कुनै पनि मान्यता शिक्षण संस्थावबाट कम्तीमा पनि D.pharma वा औषधी व्यवस्था विभागले मान्यता दिएको वा सो भन्दामाथिको उपाधि प्राप्त व्यवसायी सम्बन्धित काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।

२) फार्मेसी विषय अध्ययन नगरेको व्यक्तिबाट औषधि पसल सञ्चालन गरेको पाइएमा सो ले पुर्याएको हानी नोक्सानीको जिम्मेवारी सम्बन्धित फार्मेसी सञ्चालकको नै हुनेछ ।

३) नेपाल सरकारको औषधी व्यवस्था विभागमा दर्ता भएका तथा अन्य निकायमा दर्ता भै नेपालमा विक्री वितरण गर्नुका लागि अनुमति प्राप्त औषधी तथा औषधी जन्य सामग्रीहरु मात्र विक्री वितरण गर्नुपर्नेछ ।

४) फार्मेसी/ औषधीपसल/ मेडिकलबाट औषधी भण्डारण तथा विक्री वितरण गर्दा औषधी व्यवस्था विभागले निर्धारण गरेका सर्तहरु पूरा गरेको हुनुपर्नेछ ।

५) फार्मेसी/ औषधीपसल/ मेडिकल सेवा सञ्चालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु हुनुपर्नेछ ।

क) सफा र उज्यालो कोठा

ख) विरामी बस्ने ठाउँ

ग) शौचालयको व्यवस्था अपाङ्ग मैत्री सहित

घ )औषधी उपकरण भण्डारका लागि आवश्यक (custody freeze) को व्यवस्थापन

ङ )परामर्श कक्ष

च) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्रीहरु

६) फार्मेसी/ औषधीपसल/ मेडिकल सञ्चालक गर्ने कर्मचारीको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि परिषद दर्ता भएको प्रमाणपत्र प्रतिलिपि आयकर प्रमाणपत्र औषधिपसल सञ्चालन अनुमति पत्रको प्रतिलिपि सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

७) औषधि तथा औषधिजन्य सामग्रीहरु विक्री वितरण गर्ने दर्तावाला सम्बन्धित व्यक्तिले नै गरेको हुनु पर्नेछ ।

८) फोहोरमैलाको उचित व्यवस्थापन गरेको हुनुपर्नेछ ।

## परिच्छेद १०

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

### ३१. अभिलेख तथा प्रतिवेदन

१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्राणली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिका कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवदेन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित पालिकाकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाको कार्यालयबाट एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।

४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका बिरामीहरुको रोगको विवरण ICD 11 अनुसार Coding गरी प्रतिवेदन गर्नु पर्नेछ ।

५) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनु पर्नेछ ।

६) स्वास्थ्य सस्थाले आफ्नो संस्थामा नेपाल सरकारको तोकेको Notifiable Disease का विरामी पत्ता लागेको वा शंका लागेका खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै सम्बन्धित पालिकाको कार्यालयमा सूचना गर्नु पर्ने छ ।

## परिच्छेद ११

## सञ्चालना अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था :

### ३२. सञ्चालन अनुमति नवीकरण नहुने :

१) यस निर्देशिकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :

क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा

ग) अस्पताले प्रदान गरेका सेवाको तोकएिको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा पेश नगरेमा ।

घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहोरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा ।

ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्बन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लघन गरेमा,

च) सामाजिक उत्तरदायित्व पालना नगरेमा,

छ) भवन सहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भुकम्पीय द्दष्टिकोणले भवन प्रवलीकरण गरेको नपाईएमा ।

### ३३. खारेजी गर्न सकिने

क) यो निर्देशिका प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

ख) गैरकानूनी क्रियाकलाप गरेको पाईएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्बन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उल्लघंन गरेमा ।

## परिच्छेद १२

## विविध

**३४. सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था :**

१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि सम्बन्धित पालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ । सेवा शुल्क निर्धारण समिति अनुसूचि ९ बमोजिम हुनेछ ।

२) उपदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३५. मापदण्ड तथा अनुसूचीमा हरेफेर :** सम्बन्धित पालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरु आवश्यकता अनुसार हरेफेर र थपघट गर्न सक्नेछ ।

**३६. व्याख्या गर्ने अधिकार :** यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा सम्बन्धित पालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**३७. स्वतः अमान्य हुने :** यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**३८. खारेजी र वचाउः** यो निर्देशिका संघिय तथा गण्डकी प्रदेश कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वत: अमान्य हुनेछ ।

**३९.** यो निर्देशिका जारी हुनु अगाडि भए गरेका काम यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

पूर्वाधार, स्थायी एवं स्तरोन्नति स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था दफा २ को खण्ड (क) सँग सम्बन्धित )

**नगर स्तरिय**

| | |
|---|---|
| १. सामाजिक विकास समिती अध्यक्ष | संयोजक |
| २. मे.सु / मेडिकल अधिकृत | सदस्य |
| ३. ल्याब टेक्निसियन/ल्याब असिस्टेन्ट | सदस्य |
| ४. पब्लिक हेल्थ नर्स /नर्सिङ स्टाफ | सदस्य |
| ५. पालिकाबाट मनोनित विज्ञ (एक) | सदस्य |
| ६. स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

पुनश्चः पालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य / जनस्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्ने ।

नोटः समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ ।


अनुसूची २

भवन सम्बन्धी मापदण्ड

दफा २ को खण्ड (ब) सँग सम्बन्धित

नगरपालिकामा निर्माण गरिने स्वास्थ्य संस्थाको हकमा देहायका मापदण्ड अनुसार कायम गरिन पर्नेछ ।

| | |
|---|---|
| अधिकत ग्राउण्ड कभरेज | ४० प्रतिशत |
| Floor Area Ratio (RAR) | २.५ |
| न्युनतम पार्किङ स्थल जम्मा जग्गाका | २५ प्रतिशत |
| भवनको सेट ब्याक (Set Back) | कम्तीमा ३ मिटर भवनका चारैतिर |
| लाईट प्लेन | ६३.५ डिग्री |




नगर प्रमुख

अनुसूची ३

पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फारम

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

श्री ..........................................................

..................................................

.................................................।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फारम पेश गरेका छु / छौं।

कार्यकारी अधिकृत / संचालन समितिका तर्फबाट

निवेदन फाराम

१. अस्पतालको नाम : .................................................. शैया संख्या :.................

२. साधारण सेवा / विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्ने :

३. अस्पतालको ठेगाना (पत्रचार गर्ने ठेगाना):

पालिका वडा नं: टोलः

ब्लक नं. टेलिफोन/मोबाइलः पो.ब.नः

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा वढी शेयरधारण गर्नेहरुको मात्र) :

नामः ठेगानाः

नागरिकता नं.: मोबाइल नं:

फोन नं:

५. अस्पतालका लागि आवश्यक जग्गा र स्वामित्वका

क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः

ख) लिजमा भए कबुलियतनामा पेश गर्ने :

६. अस्पतालका वित्तीय स्रोतः

क) निजी लगानी ख) बैक कर्जा ग) सरकारी घ) अनुदान सहयोग

ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो को विवरण च) अन्य

वित्तीय लगानी : (स्थीर पूँजी लागत) रु...................

क) भवन तथा जग्गाको लागि रु ................

ख) औजार उपकरणको लागि रु....................

वित्तीय लगानी (चालु पूँजी लागत) रु. .......................

रोजगारको सख्या :

अनुमानित आम्दानी रु.................

अनुमानित मुनाफाः.............. मासिकः रु................ त्रैमासिक : रु.................

वार्षिक : रु ..........................

७. देहायका विषयहरु समेत भएको व्यावसायिक कार्ययोजना

क) स्वीकृत संस्थाबाट प्रदान गर्न सेवाहरुका विवरणः

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारत्मक सेवा |
|---|---|---|
| एक्स–रे | खोप | प्रसुति तथा स्त्री रोग |
| अन्ट्रासाउण्ड | गर्भवती, सुत्केरी जाँच | जनरल मेडिसिन |
| इन्डोस्कोपी | सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा | जनरल सर्जिकल |
| इसीजि, ट्रेडमिल | | जनरल सर्जिकल |
| प्रयोगशाला | | विशेषज्ञ सेवा : जस्तै प्रसुति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा |

ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरुका विवरण (संलग्न गर्न)

१) ........................

२) ........................

३) ........................

४) ........................

ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पन जनशक्तिका विवरण ( संग्लन गर्ने)

१) विशेषज्ञः

नामः पदः योग्यताः फुलटाइमः

२) प्राविधिकः

नामः पदः योग्यताः फुलटाइमः

३) प्रशासनिकः

नामः पदः योग्यताः फुलटाइमः

नोटः १) संस्थामा काय गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनु पर्ने । सम्बन्धित परिषद्का प्रमाण पत्र अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

२) कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीमा समेत संलग्न हुनपर्ने ।

३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुनु भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृत पत्र अनिवार्यरुपमा संलग्न हुनपर्ने ।

४) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

अनुसूची ४

स्वास्थ्य संस्थाका स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिन निवदेन फाराम

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

१.संस्थाको नामः शैया संख्याः

२. साधारण सेवा / विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्ने :

संस्था ठेगाना (पत्रचार गर्ने ठेगाना):

पालिका वडा नं: टोलः

ब्लक नं. टेलिफोनः मोबाइलः पो.ब.नः

४. सस्था खोल्न व्यक्तिहरु) :

नामः

नागरिकता नं.:

ठेगानाः

मोबाइल नं :

फोन नं. :

५. संस्थाका वित्तीय स्रोतः

क. निजी

ख. शेयर कर्जा

ग. सरकारीः

घ. गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्न भए सो उल्लेख गर्न :

वित्तीय लगानी : लागत रु..........

क. भवन तथा जग्गाका लागि

औजार उपकरणः

जनशक्तिः

अनुमानित आम्दानी :

आम्दानी स्वदेशी विदेशीः

अञ्चल सम्पत्तिका स्रोतः अनुमानित मुनाफाः मासिकः

त्रैमासिकः वार्षिकः

६ नसिंङ होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको विवरण कुन–कुन सेवा पुऱ्याउने हो ।

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारत्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स–रे | खोप | प्रसुति तथा स्त्री रोग | एम.सि.एच क्लिनिक परिवार |
| प्याथोलोजी ल्याब | आहार विहार | जनरल मेडिसिन | नियोजन |

अन्ट्रासाउण्ड ..................... जनरल सर्जिकल विशेषज्ञ सेवा : इण्डोस्कोपी प्रसुति सेवा, मृगौला,

रोग, स्नायु, दन्त

इसीजी, टे«डमिल प्रयोगशाला ....................

........... ...................... ......................

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको विवरण स्रोत :

क.

ख.

ग.

घ.

ङ.

च.

छ.

ज.

झ.

८. संस्था सेवा पुऱ्याउन कर्मचारीहरुका विवरण सम्बन्धित मापदण्ड अनुसार

१) विशेषज्ञः

नामः पदः योग्यताः पार्टटाइम फुलटाइमः

२) प्राविधिकः

नामः पदः योग्यताः पार्टटाइम फुलटाइमः

३) प्रशासनिकः

नामः पदः योग्यताः पार्टटाइम फुलटाइमः

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहर पुरा भएपश्चात मात्र सेवा संचालन गर्न पाइनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा सलग्र हुने हो । स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबै शुल्क विवरण विस्तृत रुपमा उल्लेख हुनुपर्ने र

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संग्लन हुनपर्ने ।

६) नेपाल सरकारकमा कार्यरत कर्मचारीहरु संग्लन हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसार स्वीकृति पत्र अनिवार्य रुपमा संग्लन हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको सेमत विवरण खुलाउने ।

नोटः स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा संग्लन गर्नुपर्ने कागजातहरु:

निवेदन फाराम

कम्पनी दर्ता / संस्था दर्ताको प्रमाणित प्रतिलिपि
संस्था /कम्पनीको विधान / प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि
स्थायी लेखा दर्ता प्रमाण पत्र प्रतिलिपि
स्थापना गर्न लागिएका ठाँउमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र
अस्पतालमा काम गर्ने जनशाक्ति सम्बन्धी विवरण

क) बायोडाटा

ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाण पत्रका प्रतिलिपि

घ) नागरिकता प्रमाणपत्र प्रतिलिपि

ङ) जनशक्तिहरुका काम गर्न समय (पाट टाइम /फुल टाइम किटान गर्नुपर्नेछ ।)

च) मञ्जुरीनामा / कबुलियतनामा

औजार उपकरणका विवरण तथा स्रोत
सम्पूर्ण सेवा शुल्क विवरण
भौतिक सामग्रीको विवरण
प्रारम्भिक वातावरणीय परीक्षा IEE
वा वातारणीय प्रभाव मूल्याङकन EIA स्वीकृत पत्रका प्रतिलिपी
अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव
अस्पतालको आर्थिक नियमावली
अस्पतालले लिन सेवा शुल्क विवरण र गरिबी तथा असहायलाई छुट दिने नीति
प्रदान गरिने सेवा विवरण
जग्गा/घरका स्वामित्व
घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घरबहाल सम्झौता पत्र र भवन स्वास्थ्य संस्था सञ्चालन गर्न राष्ट्रिय भवन सहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धित सिफारिस पत्र
भवनका स्वीकृत नक्सा
संस्थाका चल अचल सम्पत्ति विवरण तथा वित्तिय स्रोत
संस्थाका कार्ययोजना (Scheme)
एबल मा दर्ता नम्बर :
कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)
लेखापरीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै)
विरामी वडापत्रका नमूना
सम्बन्धित निकायका भवन सहिता सम्बन्धी स्वीकृति पत्र
रु ५ को हुलाक टिकट
मूल्य अभिवृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र
सम्बन्धित निकायबाट भवनका नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन सहिताका मापदण्ड बमोजिम भएका स्वीकृत पत्र ।

अनुसूची ५

## स्वास्थ्य क्लिनिक/ रेडियो ईमेजिङ सेवा / पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम

दफा ५ को उपदफा १ सँग सम्बन्धित

१. संस्थाको नामः

२. संस्था ठेगाना (पत्रचार गर्ने ठेगाना):

पालिका वडा नं: टोलः

ब्लक नं. टेलिफोनः मोबाइलः पो.ब.नः

३. संस्था खोल्ने व्यक्तिहरु) :

नामः ठेगानाः

नागरिकता नं.: मोबाइल नं :

फोन नं.

४. संस्थाका वित्तीय स्रोतः

क. निजी

ख. शेयर कर्जा

ग. वैदेशिक

घ. गैर सरकारी

ङ अन्य

५. संस्थाका क्षमता तथा विस्तृत कार्य योजना

सेवा प्रदान गर्ने क्षेत्रहरुः

निदानात्मक सेवा प्रतिकारात्मक सेवा उपचारात्मक सेवा

एक्स–रे खोप

एम.सि.एच. प्रसुति तथा स्त्रीरोग अन्ट्रासाउण्ड जनरल मेडिसिन

इण्डोस्कोपी परिवार नियोजन सेवा जनरल सर्जिकल विशेषज्ञ सेवा : आँखा, नाक, मुटु, मृगौला, स्नायुरोग ईत्यादी

अन्ट्रासाउण्ड

इसीजी, टे«डमिल प्रयोगशाला

अन्य सेवा फार्मेसी

६. सेवा शुल्क अलग र स्पष्टसँग खुलाउनः

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका विवरण स्रोतः

८. संस्थामा सेवा पुन्याउन जनशक्ति विवरणः

संख्या / योग्यता / अनुभव / पार्टटाइम / अन्य सुविधा

सामान्य चिकित्सकः विशेषज्ञ चिकित्सकः अन्य प्राविधिकः

नोटः

सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पुरा भए पश्चात मात्र सेवा सञ्चालन गर्न पाइनेछ ।

उपयुक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संग्लन हुन हो, स्पष्ट उल्लेख गर्नुहोस् ।

संस्थामा कार्य गर्न कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने, सम्बन्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

कर्मचारीहरुको योग्यता प्रमाणित प्रतिलिपिहरु संग्लन हुनपर्नेछ ।

नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ दफा ५९ अनुसारका स्वीकृत पत्र अनिवार्य रुपमा संग्लन हुनुपर्ने ।

अनुसूची ६

स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

दफा ८ २ ९ को उपदफा २ सँग सम्बन्धित

| सि.न | संस्था किसिम | शुल्क निर्धारण इकाइ | स्थापनका लागि दस्तुर रकम | नवीकरण लागि दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ होम | शैया संख्या | प्रति शैया रु. ४००० | प्रति शैया रु. ५०० |
| २ | डायग्नोस्टिक सेन्टर | सेवा प्रकार | प्रति सेवा रु. १०००० | प्रति सेवा रु. १००० |
| ३ | पोलिक्लिनिक / क्लिनिक | सेवा प्रकार | प्रति सेवा रु. १०००० | प्रति सेवा रु. १००० |
| ४ | आयुर्वेद अस्पतालको /वैकल्पिक | शैया संख्या | प्रति शैया रु. २००० | प्रति शैया रु. ५०० |
| ५ | आयुर्वेद क्लिनिक | सेवा प्रकार | प्रति सेवा रु. ५००० | प्रति सेवा रु. ५०० |

नोटः नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा विस्तार गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लिखित दस्तुरमा क वर्गका लागि पचहत्तर प्रतिशत ख वर्गका लागि पचास प्रतिशत र ग वर्गका लागि पच्चिस प्रतिशत छुट दिइनेछ । फर्मेसी पसल/औषधी पसल लगायतका अन्य स्वास्थ्य संस्थाको लागि दस्तुर पालिकाले तोकेबमोजिम हुनेछ ।

अनुसूची ७

## स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी वडापत्रको ढाचाँ

(दफा १५ उपदफा (१) को बु॒ँदा (ट) सँग सम्बन्धित

| सि नं | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ८

स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको ढाँचा

दफा १५ उपदफा (१) को बुँदा (थ) सँग सम्बन्धित ।

| सि नं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफीयत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ९

सेवा शुल्क निर्धारण समिति

सेवा शुल्क निर्धारण समिति सम्बन्धि व्यवस्था दफा (३४) को उपदफा (१) सग सम्बन्धित

१. नगर उपप्रमुख – संयोजक

२. स्वास्थ्यकर्मी संघ अध्यक्ष – सदस्य

३. राष्ट्रिय उपभोक्ता मंच अध्यक्ष – सदस्य

४. स्वास्थ्य कार्यालय प्रमुख – सदस्य

५. स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव